बैठक नं.. १

बैठक संख्या : ०८२/०८३/१

आज मिति २०८२/०४/१३ गते मंगलबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहानः ११ बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | — |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जग बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | Mangale |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | — |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री राम प्रसाद घिमिरे | सदस्य सचिव | |
| | आमन्त्रितः | | |
| १८. | श्री जित कुमारी ढेगा | सहायक पाचौ | |
| १९. | सन्तोष घघल | | |
| २० | अनिता सुनारी | क.अ. | |
| | | | |

**प्रस्ताव नं. १.१ आ.व. २०८१।०८२ को समिक्षा सम्बन्धमा।**

**निर्णय नं. १.१** माथागढी गाउँपालिका, गाँउकार्यपालिकाको कार्यालयबाट आ.व. २०८१।०८२ मा सम्पादन भएका कार्यहरुको सम्बन्धमा समिक्षा गरियो। गाँउकार्यपालिकाको कार्यालयबाट अघिल्लो आर्थिक बर्षमा भए गरेका कामहरु सन्तोषजनक रहेका र कार्य सम्पादनका क्रममा देखिएका कमजोरिहरु चालु आर्थिक बर्षमा सुधार गर्दै थप व्यवस्थित रुपमा कार्य सम्पादन गर्ने निर्णय गरियो।साथै विस्तृत समिक्षा मिति २०८२।०४।१५ गते गाँउकार्यपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.२ आ.व. २०८२।०८३ को योजना संचालन सम्बन्धमा।**

**निर्णय नं. १.२** आ.व. २०८२।०८३ मा माथागढी गाँउपालिकाबाट तपसिल बमोजिम योजनाहरु संचालन गर्ने निर्णय गरियो।

- माथागढी गाँउपालिकाको गाँउसभाबाट विनियोजन भएका योजनाहरु कार्यान्वयनको लागि मिति २०८२।०४।१६ गतेबाट योजनाहरुको सर्वे गरि लागत अनुमान तयार गर्ने।
- उपभोक्ता समितिहरु मार्फत कार्यान्वयन गर्ने योजनाहरुको लागि उपभोक्ता समिति गठन भाद्र १५ गतेभित्र गरिसक्ने।
- २०८२ असोज महिनाभित्र उपभोक्ता प्रशिक्षण सम्पन्न गर्ने।

**प्रस्ताव नं. १.३ तिज गित प्रतियोगिता संचालन सम्बन्धमा।**

**निर्णय नं. १.३** माथागढी गाँउपालिकाको बार्षिक विकास कार्यक्रममा तिज गित प्रतियोगिता शिर्षकमा रु २,००,०००/- अक्षेरुपी दुई लाख मात्र विनियोजन भएकोमा सो रकमबाट वडागतरुपमा तिज गित प्रतियोगिता संचालन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.४ सूचना प्रकाशनको रकम तोकिएको सम्बन्धमा।**

**निर्णय नं. १.४** यस गाउपालिकामा हुने सार्वजनिक खरिद प्रकृया अघि बढाउने क्रममा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने सूचनाहरु प्रकाशन गरेवापत **दैनिक पत्रिकालाई प्रति सूचना वापत रु ३०,०००/- अक्षेरुपी तीस हजार मात्र** (भ्याट बाहेक) मा नबढ्ने गरि कार्यदेश र भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. १.५ सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा।**

**निर्णय नं. १.५** माथागढी गाँउपालिकाबाट भए गरेका काम कारबाहीहरुको सम्बन्धमा आ.व. २०८१।०८२ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई गाँउपालिकाको सभाहलमा मिति २०८२।०४।२३ गते गाँउपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.६ करारमा कर्मचारी व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. १.६** माथागढी गाँउपालिकामा रिक्त रहेका तपसिलका पदहरुमा करार सेवामा कर्मचारि भर्ना प्रकृया थालनी गर्ने निर्णय गरियो।

तपसिल

| क.स | पद | संख्या | तह | कैफियत |
|---|---|---|---|---|
| १. | कृषी अधिकृत | १ | छैठौ | |
| २. | सूचना प्रविधि अधिकृत | १ | छैठौ | |
| ३. | Lab Assistant | १ | चौथो | |
| ४. | कृषी प्राविधिक | १ | चौथो | |
| ५. | हलुका सवारी चालक | १ | श्रेणी विहिन | |
| ६. | कार्यालय सहयोगी | १ | श्रेणी विहिन | |
| ७. | अ.न.मी | १ | चौथो | |
| ८. | मनोपरामर्श कर्ता | १ | पाँचौ | |
| ९ | रिर्टनी स्वयम सेवक | २ | | |

**प्रस्ताव नं. १.७ वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा**

**निर्णय नं. १.७** माथागढी गाँउपालिका क्षेत्रभित्रका खोलाहरुमा रहेको नदिजन्य पदार्थलाई ठेक्का प्रकृयामार्फत विक्रि वितरण गर्नको लागि तयार गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई समयानुकुल तुल्याउन यथाशिध्र सो प्रतिवेदनको अद्यावधिक गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.८ पशुपन्छी कृषि तथा वनजन्य उपज र फलाम प्लाष्टिक जस्ता कवाडीजन्य वस्तुको पुन ठेक्का सम्बन्धमा।**

**निर्णय नं. १.८** माथागढी गाउपालिकाको आन्तरिक आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि बमोजिम आ व २०८२।८३ को लागि यस गाउपालिकाको पशुपन्छी कृषि तथा वनजन्य उपज र फलाम प्लाष्टिक जस्ता कवाडीजन्य वस्तुको आय ठेक्काको लागि प्रथम पटक सूचना गर्दा ठेक्का नपरेको हुँदा पुन ठेक्का आब्हान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.९ खेलकुद प्रशिक्षण कार्यक्रम संचालन सम्बन्धमा।**

**निर्णय नं. १.९** माथागढी गाँउपालिकाको आ.व. २०८२।८३ को बार्षिक विकास कार्यक्रम अनुसार खेलकुद प्रशिक्षण कार्यक्रम शिर्षकमा रु ८,००,०००/- अक्षेरुपी आठ लाख मात्र विनियोजन भएकोले बालबालिका/युवाहरुलाई फुटबल, भलिबल, व्याडमिन्टन र क्रिकेट खेलहरुको प्रशिक्षण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १.१० डोजर चालक सम्बन्धमा।**

**निर्णय नं. १.१०** माथागढी गाँउपालिकामा रहेको डोजर(JCB) चालकलाई देहाय बमोजिम सुविधा प्रदान गर्ने निर्णय गरियो।

- माथागढी गाँउपालिकामा रहेको डोजर(JCB) चालकलाई आ.व. २०८२।०८३ देखि संस्थागत करार सम्झौता गर्ने र बार्षिक रुपमा एक पटक चाडपर्व खर्च र पोशाक भत्ता उपलब्ध गराउने।
- कार्यालय समय बाहेक सार्वजनिक बिदा, शनिवार र अन्य समयमा काम गर्नुपरेमा वडा प्राविधिक/जनप्रतिनिधिको रोहवर र प्रमाणिकरणमा प्रतिघण्टा रु १५०/- अक्षेरुपी एक सय पचास मात्र उपलब्ध गराउने।
- चालक फिल्डमा बसेर काम गर्नु पर्ने भएमा खाजा खर्च प्रचलित बजार दररेट अनुसारको बिल बमोजिम भुक्तानी गर्ने।